# मनहरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

रजैया, मकवानपुर

प.सं.: २०७९/०८०- कर्मचारी प्रशासन शाखा बागमती प्रदेश, नेपाल।

च.नं. : 630

मिति : २०७९/०७/२७

विषय : निर्णय कार्यान्वयन गर्ने सम्बन्धमा ।

श्री मनहरी गाउँपालिका
सबै शाखा/ उपशाखा प्रमुखहरु
वडा कार्यालय/ वडा सचिबहरु
मनहरी, मकवानपुर ।

प्रस्तुत विषयमा मिति २०७९/०७/२५ गते शुक्रबार बसेको आ.व. ०७९/०८० को छैठौं गाउँ कार्यपालिकाको बैठकको निर्णय पाना दुई थान (२) यसै पत्र साथ संलग्न छ । सो निर्णयानुसार तहाँ संग सम्बन्धित निर्णयहरु हेरी समयमै आवश्यक कारबाही गर्नु गराउनु हुन अनुरोध छ ।

..........................

(मोहनकुमार श्रेष्ठ)

प्रमुख प्रशासकीय अधिकृत

मोहन कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७९/०७/२५ गते शुक्रबार विहान ७:३० बजे आ.व.०७९/८० को यस मनहरी गाउँ कार्यपालिकाको छैठौं बैठक गाउँपालिकाका अध्यक्ष श्री रन्जन कालाखेती ज्यूको अध्यक्षतामा निम्न पदाधिकारीहरुको उपस्थितिमा बैठक बसी देहाय अनुसारको निर्णय गरी सम्पन्न भयो।

## उपस्थिति

| क्र.स | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री रन्जन कालाखेती | गाउँपालिका अध्यक्ष | |
| २ | श्री सिता पुलामी मगर | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री शिव प्रसाद खनाल | १ नं. वडा अध्यक्ष | |
| ४ | श्री राजकुमार पाख्रिन | २ नं. वडा अध्यक्ष | |
| ५ | श्री अनन्त प्रकाश अर्याल | ३ नं. वडा अध्यक्ष | |
| ६ | श्री प्रकाश थापा | ४ नं. वडा अध्यक्ष | |
| ७ | श्री दिपेन्द्र अधिकारी | ५ नं.वडा अध्यक्ष | |
| ८ | श्री युव राज थपलिया | ६ नं.वडा अध्यक्ष | |
| ९ | श्री ठाकुर राम तितुङ | ७ नं.वडा अध्यक्ष | |
| १० | श्री नारायण उप्रेती | ८ नं.वडा अध्यक्ष | |
| ११ | श्री राज कुमार श्रेष्ठ | ९ नं.वडा अध्यक्ष | |
| १२ | श्री सविता सुवेदी | कार्यपालिका सदस्य | |
| १३ | श्री सेती माया तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री राम माया नगरकोटी | कार्यपालिका सदस्य | |
| १५ | श्री मिरा खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री कान्छी माया वोट | कार्यपालिका सदस्य | |
| १७ | श्री चतुर कुमार सुनार | कार्यपालिका सदस्य | |
| १८ | श्री मोहनकुमार श्रेष्ठ | प्रमुख प्रशासकीय अधिकृत | |

आमन्त्रित/बैठक सहयोगी

श्री अन्जना सुवेदी प्रशासन शाखा प्रमुख

श्री राजेन्द्र प्र. चौलागाई अधिकृत छैठौं

मिति २०७९ कार्तिक २५ गते गाउँ कार्यपालिका बैठकमा छलफलको विषयबस्तुहरु

१. नवप्रवर्तनात्मक साझेदारी कोष कार्यक्रमको लागि अवधारणा पत्र पेश गर्ने सम्बन्धमा ।

२. आगलागि पिडितलाई राहत उपलब्ध गराउने सम्बन्धमा ।

मोहन कुमार ...
प्रमुख प्रशासकीय अधिकृ...

निर्णयहरु:

१ प्रस्ताव नं. १ माथि छलफल गर्दा वागमती प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट मिति २०७९/०७/१६ गते प्रकाशित नव प्रवर्तन साझेदारी कोष संचालन निर्देशिका, २०७८ बमोजिम संचालन हुने गरी अवधारणापत्र पेश गर्न सूचना आव्हान भएकोमा स्थानीय आर्थिक विकासको क्षेत्रमा मनहरी गाउँपालिकाका आर्थिक रुपमा विपन्न, पिछडिएका व्यक्तिहरुलाई आर्थिक रुपमा सवल, सक्षम र आत्मनिर्भर तुल्याउन यस गाउँपालिका भरीका सामुदायिक बन समितिसंगको समन्वयमा दुना टपरी कार्यक्रमको लागि अवधारणापत्र पेश गर्ने निर्णय गरियो ।साथै निर्देशिकाको दफा १६ क अनुरुप यस गाउँपालिकाका अधिकृत छैठौं श्री राजेन्द्रप्रसाद चौलागाईलाई सम्पर्क व्यक्तिको रुपमा तोक्ने तथा निर्देशिकाको दफा १६ ज बमोजिम कार्यक्रमको तर्जुमा र कार्यान्वयन सहजीकरणको निमित्त वडा नं. ८ का वडा अध्यक्ष श्री नारायण उप्रेतीको संयोजकत्वमा गाउँ कार्यपालिका सदस्य श्री मिरा खत्री तथा कार्यक्रम सम्पर्क व्यक्ति श्री राजेन्द्र प्रसाद चौलागाई सदस्य सचिब रहने गरी तीन सदस्यीय नविनतम साझेदारी कोष कार्यक्रम कार्यान्वयन समिति गठन गर्ने निर्णय गरियो । कार्यक्रम सञ्चालनको लागि गाउपालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम आगामी गाउँसभाको अधिवेशनबाट विनियोजन गर्ने निर्णय गरियो ।

२ प्रस्ताव नं. २ माथि छलफल गर्दा मनहरी गाउँपालिका वडा नं. ४ का स्थायी बासिन्दा श्री अमृता सुनारको निजी आवासिय घर मिति २०७९/०७/१५ गते आगलागिबाट पूर्ण रुपमा क्षतिग्रस्त भएकाले विपत व्यवस्थापन कोषबाट रु विस हजार (२०,०००/) आकस्मिक राहत स्वरुप उपलब्ध गराउने निर्णय गरीयो ।

... अध्यक्ष

छैठौं कार्यपालिका बैठक